# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मितिः २०८३/०५/०४

**स्नातकोत्तर तह तेस्रो सेमेस्टरको परीक्षा फाराम भर्न छुट भएकाहरुको लागि समयावधि तोकिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तह शैक्षिक वर्ष २०२४ का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०२१ सम्म) का आंशिक परीक्षार्थीहरूको **तेस्रो सेमेस्टर**को २०८३ साल भाद्र १५ गतेबाट संचालन हुने सत्रान्त परीक्षामा सम्मिलित हुन यस पूर्व प्रकाशित म्यादभित्र अनलाइन परीक्षा फाराम भर्न छुट भएका छात्र/छात्राहरूले २०८३।०५।०७ र ०८ गते (२ दिन मात्र) भित्र दोब्वर दस्तुरमा अनलाइन माध्यमबाट परीक्षा फाराम भर्न सकिने गरी म्याद कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत व्यहोरा भने पूर्व प्रकाशित सूचना बमोजिम नै कायम रहने व्यहोरा समेत सूचित गरिन्छ। तोकिएको म्यादभित्र परीक्षा फाराम नभर्ने परीक्षार्थीहरूले पहिलो वर्ष/सेमेष्टरको प्रवेश पत्रका आधारमा परीक्षामा सम्मिलित भएको पाइएमा उक्त परीक्षार्थीहरूको परीक्षा अमान्य हुने हुँदा परीक्षाफल प्रकाशित गरिने छैन्।

.............................
डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np